# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था पियर रिभ्यू बोर्डको सुचना

यस संस्थाद्वारा जारी गरिएको Statement on Peer Review को आधारमा यस संस्थामा दर्ता भएका लेखाव्यवसायी फर्महरुले आ-आफ्नो फर्मको पियर रिभ्यु गराउनु पर्दछ । लेखाव्यवसायीहरुले लेखापरीक्षण कार्य सम्पन्न गर्दा अपनाउनुपर्ने न्युनतम विधिहरु सही ढंगबाट अपनाई सोको अभिलेख राख्नुपर्दछ ।

पियर रिभ्यु भनेको माथि उल्लेखित अभिलेखको आधारमा लेखाव्यवसायी फर्महरुले लेखापरीक्षण कार्य सम्पन्न गर्दा अपनाउनुपर्ने न्युनतम विधिहरु सही ढंगबाट अपनाएका छन्/छैनन् भन्ने पुनरावकोलन गर्ने विधि हो । पियर रिभ्यु प्रतिवेदनमा सम्बन्धित लेखाव्यवसायी फर्महरुको कार्यसम्पादन, क्षमता, गुणस्तरमा अभिवृद्धि तथा कार्यकुशलता ल्याउन के-कस्तो सुधार गर्नुपर्छ भन्ने उल्लेख गरिन्छ । लेखाव्यवसायी फर्महरुले राखेको अभिलेख सन्तोषजनक नपाईएमा त्यसमा सुधार गर्ने मौका समेत दिइन्छ ।

पियर रिभ्यु संस्थाबाट तालिम प्राप्त सदस्यहरुबाट गराईन्छ तथा पियर रिभ्यु प्रकियाका सम्पुर्ण गतिविधिहरुको पूर्ण गोपनीयता कायम रहने व्यहोरा जानकारी समेत गराइन्छ । साथै पियर रिभ्यु प्रतिवेदनमा उल्लेख गरिने विवरणहरु अनुशासनको कारवाहीसँग कुनै पनि किसिमले सम्बन्धित नरहने व्यवहोरा समेत जानकारी गराइन्छ ।

यस संस्था अर्न्तगत रहेको पियर रिभ्यु बोर्डले धितोपत्र विनिमय बजारमा सुचीकृत भएका निकायहरु तथा Public Sector Undertakings को लेखापरीक्षण गर्ने लेखाव्यवसायी फर्महरुको अनिवार्य रुपले पियर रिभ्यु गराउने निर्णय गरेको छ । तसर्थ यस्ता सम्पूर्ण लेखाव्यवसायी फर्महरुले आ-आफ्नो पियर रिभ्यु गराउन यस संस्थामा आवेदन दिनुहुन यसै सुचना मार्फत जानकारी गराइन्छ ।

पियर रिभ्युको लागि आवेदन प्राप्त नभएका लेखाव्यवसायी फर्महरुको पियर रिभ्युको लागि यस संस्थाद्वारा तोकी पठाउने समेत जानकारी गराइन्छ ।

पियर रिभ्यु बोर्ड
नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था